आदरणीय नगर सभाका अध्यक्ष एवं नगर प्रमुख ज्यू,

उपस्थित सम्पूर्ण नगर सभा सदस्य ज्युहरु ।

सभाको गरिमा बढाउन उपस्थित आमन्त्रीत सम्पूर्ण अतिथिगण !

१. नेपाली जनताको लामो समयको क्रान्ति, संघर्ष र बलिदानीको परिणाम स्वरुप जननिर्वाचित संविधानसभाबाट निर्मित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ ले निर्दिष्ट गरेको शासकीय सत्ताको प्रयोग गर्ने तीन तहको सरकारमा जनसरोकारको हरेक सवालमा प्रत्यक्ष सम्बन्ध राख्ने स्थानीय सरकारको रुपमा रहेको नीलकण्ठ नगरपालिकाको प्रथम नगरसभा आज हुँदैछ । राजनीतिक संकट र संक्रमणका कारण लामो समयसम्म कर्मचारी संयन्त्रले सम्हालेको स्थानीय निकाय स्थानीय सरकारको रुपमा आजको दिनसम्म आइपुग्दा देशमा ठूला-ठूला संघर्ष, जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलन भएका छन् । हजारौं सहिद-बेपत्ता योद्धाहरुको बलिदान र लाखौं नेपालीको संघर्षको परिणामको रुपमा मुलुकको शासकीय सत्ता सिंहदरवारबाट जनताको घर दैलो सम्म स्थानीय सरकारको माध्यमबाट आइपुगेको छ । यस नगरसभामा म ती हजारौं सहिदरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता योद्धाहरुको भावुक स्मरण गर्दछु । साथै सम्पूर्ण घाइते, अपांग योद्धाहरुप्रति सम्मान प्रकट गर्दछु । केन्द्रीकित सत्ताको श्रोत सम्म आफ्नो पहुँच पुर्‍याउन नसक्दा विकासका सामान्य पुर्वाधार र आधारभूत आवश्यकताका माग राख्न नसक्ने जनताका बिच स्थानीय सरकारको निर्वाचित प्रतिनीधिको हैसियतमा हामी उभिएका छौं ।

२. राजनीतिक संक्रमण र नियमितताको अभावमा राजनीतिप्रति जनताको बितृष्णा चुलिएका बेला लामो समयको जनप्रतिनिधित्वको शुन्यतालाई चिर्दै शासकीय सत्ताको अभ्यास गर्ने एउटा तहको हैसियतमा स्थानीय तहको निर्माण र निर्वाचन भएको छ । यसले राजनीतिक प्रणाली संगै जनप्रतिनीधिहरु माथिको जनताको भरोसा पुर्नस्थापित हुने अवसर समेत प्राप्त गरको छ । यो ऐतिहासिक अवसरलाई सदुपयोग गर्दै नीलकण्ठ नगरपालिकाको निर्वाचनमा हामीलाई अमूल्य मत दिई विजय गराउनुहुने सवै मतदाताहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आज मिति २०७४ साल आषाढ ३१ गते, म नीलकण्ठ नगरबासीहरुको प्रत्यक्ष मतले निर्वाचित उपप्रमुखको हैसियतमा आर्थिक बर्ष २०७४।०७५ को बार्षिक बजेट पेश गर्दैछु । जुन भरोसा र महत्वकांक्षाका साथ हामीलाई अमूल्य मत दिएर यो अवसर प्राप्त भएको छ त्यसलाई एकै पटकमा सम्बोधन गर्ने सामर्थ्य नभए पनि उपलब्ध श्रोत साधनलाई अधिकतम उपयोग गरि जन आवश्यकता अनुसारको योजना र सेवा क्षेत्रमा बजेट बिनियोजन गर्ने प्रयास गरेको छु ।

३. केन्द्रीय अनुदान र योजनाहरुको समानिकरण श्रोतको हस्तान्तरणमा भएको अन्यौलता संगै स्थानीय आयश्रोतको पहिचान यकिन नभैसकेको अवस्थामा सामुहिक आत्मविश्वासका साथ आन्तरिक आयको अनुमान गर्दै यथासक्य वडा स्तरबाट आएका योजना र नगरकार्यपालिकाले तय गरेका प्राथमिकताका क्षेत्रलाई विशेष महत्व दिई यो बजेट तयार गरेको छु । दीगो

विकासका लागि राष्ट्रिय योजना आयोगले निर्माण गरेको चौधौं योजनाले निर्धारण गरेका उद्देश्य र सन् २०३० सम्म नेपाललाई मध्यमस्तरीय आय भएको मुलुकमा स्तरोन्नति गर्ने दिगो विकास लक्ष हासिलगर्न स्थानीय तहले दिनु पर्ने प्राथमिकताहरुलाई समेत मध्यनजर गरेको छु ।

आदरणीय सभाध्यक्ष ज्यू !

४. अब म आर्थिक बर्ष २०७४।७५ को बजेटको मुख्य उद्देश्यलाई प्रस्तुत गर्दैछु । यस बर्षको बजेटको मुख्य उद्देश्य निम्न हुनेछन्

- संविधान बमोजिम प्राप्त कार्य जिम्मेवारी र दायित्व पूरा गर्ने ।
- नगर क्षेत्रका आर्थिक सामाजिक भौतिक पूर्वाधार क्षेत्रको विकास प्रभावकारी बनाउने
- उपलब्ध श्रोत साधनको सन्तुलित वितरण गरी क्षेत्रगत कार्यक्रमहरु संचालन गर्ने ।
- नगरविकासको विषयगत प्राथमिकता क्रम तोकि योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने ।

**५. उल्लेखित उदेश्य पुरा गर्नको लागि आगामी आर्थिक वर्षको बजेट प्रथामिकताहरु देहाय बमोजिम निर्धारण गरेको छु ।**

- तिर्खामुक्त शहरका लागि खानेपानी आयोजना सञ्चालन
- हरेक वडासम्मको सडक पहूंचका लागि वडा कार्यालय सम्म बाह्रै महिना चल्ने सडक निर्माण
- नीजि क्षेत्र र सहकारी संस्थाहरु सगको सहकार्यमा उद्यम तथा व्यवसाय प्रवर्धन
- आर्थिक तथा व्यवसायिक विकासका लागि लगानीकोष खडा गरि साझेदारी र सहकार्य ।
- खानेपानी, सिचाई, शिक्षा, स्वास्थ्य, लक्षित वर्ग लगायतका आर्थिक सामाजिक भौतिक पूर्वाधारका कार्यक्रम ।
- संविधानले तोकेका कार्य जिम्मेवारी वहन गर्ने ।
- हस्तान्तरण भई आएका विषय क्षेत्रगत कार्यक्रमहरु ।
- शिक्षा र स्वास्थ सेवामा पुर्वाधार विकास र गुणस्तरीय सेवा
- प्राविधिक शिक्षालय स्थापना
- सूचना तथा संचार प्रविधि पुर्वाधार निर्माण
- कृषि, भेटेनरीको प्रवर्धन गरि कृषिमा आत्मनिर्भर तथा व्यवसायीकरण
- लक्षित बर्ग अन्तर्गत महिला,बालबालिका, दलित, आदिवासी-जनजाती,जेष्ठ नागरिक, सिमान्तकृत र अल्पसंख्यक सामुदायिक हित एवं संरक्षण
- संस्थागत सुदृढीकरण ।
- पर्यटन पूर्वाधार तथा धर्म संस्कृति संरक्षण कार्यक्रम
- सुशासन र सेवा प्रवाह
- सञ्चार क्षेत्र विकास कार्यक्रम
- युवा स्वरोजगारमूलक कार्यक्रम
- सिंचाइ तथा उर्जा विकास कार्यक्रम
- पुनर्निमाणलाई प्राथमिकता तथा बिपद व्यवस्थापन कोष

**६. गतबर्षको बजेट समीक्षाः**

आ.व ०७३/७४ मा यस नीलकण्ठ नगरपालिकाबाट केन्द्रीय तथा परिषद्बाट पारित योजनाहरु मध्ये केन्द्रबाट अनुदान प्राप्त योजनाहरुमा सडक सौर्य बत्ती, सडक बोर्ड अन्तर्गत सडक कालोपत्रे मर्मत, लागत साझेदारीमा सडक नाला निर्माण लगायतका योजना सम्पन्न भएका छन् । त्यसै गरि नगर पूर्वाधार विकास कार्यक्रम अन्तर्गत  बोलपत्र आव्हान गरि कल्भर्ट निर्माण, सडक स्तरोन्नती तथा कालोपत्रे कार्यको सम्झौता प्रक्रिया अघि बढाइएको छ भने सोही कार्यक्रम अन्तर्गत ब्याक हो लोडर खरिद कार्य सम्पन्न गरिएको छ । आ.व. ०७३/७४ का लागि नगर परिषद्बाट पारित योजनाहरु मध्ये ५ वटा योजनाहरु कार्यान्वयनमा आउन नसकेता पनि बाँकी रहेका सम्पूर्ण योजनाहरु सम्पन्न भई फछ्र्यौट भएको देखिन्छ ।

**सभा अध्यक्ष ज्यू** !

**७. अब म नीलकण्ठ नगरपालिकाको आगामि आर्थिक वर्ष ०७४/७५ को बजेट विनियोजन र श्रोतको व्यवस्था सम्बन्धी विवरण प्रस्तुत गर्दछु :**

१. यस सभा समक्ष प्रस्तुत नीति तथा कार्यक्रम बजेटका उद्धेश्य र प्राथमिकता अनुसार कार्यक्रम कार्यान्वयनका लागि आगामि आर्थिक वर्ष ०७४/७५ मा कूल **६९ करोड १४ लाख २८ हजार ५ सय** को वार्षिक बजेट विनियोजन गरेको छु । सो रकम मध्ये चालु तर्फ **४४ करोड ३३ लाख १६ हजार ४ सय** अर्थात **६४.१२** प्रतिशत र पुजीगत तर्फ **२४ करोड ८१ लाख १२ हजार १ सय** अर्थात **३५.८८** प्रतिशत बजेट विनियोजन गरेको छु ।

२. आर्थिक वर्ष २०७४।७५ को लागि नगरपालिकाको आन्तरिक आय कूल ३ करोड ७० हजा ५ सय रुपैयां हुने अनुमान गरेको छु । त्यस्तै नगरक्षेत्रमा हुने विकास आयोजनामा  नगद जनसहभागिता तर्फ २०  रुपैया लाखं जुट्ने अनुमान गरेको छु । जनसहभागिता सहित नगरपालिकाको आन्तरिक आय कूल ३ करोड २० लाख ७० हजार  ५ सय हुने अनुमान गरेको छु ।  वित्तिय समानीकरण अनुदान २९ करोड ८९ लाख ७९ हजार, ससर्त अनुदान २१ करोड ४८ लाख ७९ हजार रुपैया र सामाजिक सुरक्षा ससर्त अनुदान तर्फ १४ करोड ५५ लाख  गरि नेपाल सरकारबाट प्राप्त हुने सुनिश्चित अनुदान रु ६५ करोड ९३ लाख ५८ हजार गरि नगरपालिकाको कूल आय ६९ करोड १४ लाख २८ हजार ५ सय हुने अनुमान गरेको छु ।

३. उल्लिखित कुल बजेटमा नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान र सामाजिक सुरक्षा कार्यक्रममा समावेश भएको **३६ करोड ३ लाख ७९ हजार रकम** चालु खर्चतर्फ परेको हुदा कुल बजेटमा चालु बजेटको अंश बढी देखिन आएको छ ।

४. नेपाल सरकारबाट सशर्त अनुदान **२१ करोड ४८ लाख ७९ हजार** मध्येबाट **१६ करोड ४९ लाख** रकम शिक्षा क्षेत्र (आधारभुत तह, माध्यामिक तह र विद्यालय क्षेत्र विकास कार्यक्रम) अन्तरगत अधिकांश रकमहरु विद्यालय शिक्षकहरुको पारिश्रमिक र चालु प्रकृतिका कार्यक्रमहरु समावेश भएका छन् । यसैगरी नीलकण्ठ नगरपालिका क्षेत्रको स्वास्थ्य सेवा तथा एकीकृत स्वास्थ क्षेत्र विकास कार्यक्रममा **४ करोड २७ लाख ४६ हजार रुपैयां**, जिल्ला आर्युवेद कार्यालय अन्तरगत संचालित कार्यक्रमको लागि **६३ लाख १५ हजार रुपैयां**, पशु सेवा कार्यालयतर्फ **५ लाख ९१ हजार रुपैयां** र कृषि कार्यालयतर्फ **३ लाख २० हजार** विनियोजन गरेको छु ।

५.सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत प्राप्त हुने रकम रु. **१४ करोड ५५ लाख** बजेट सामाजिक सुरक्षा कार्यक्रम लाभान्वित हुने लाभग्राहीलाई बैंक खाता मार्फत वितरण गरिने गरी विनियोजन गरेकोछु ।

६. चालु तर्फको सशर्त अनुदान र सामाजिक सुरक्षा बजेट सम्बन्धित क्षेत्रमा खर्च हुने हुदा कुल चालु बजेटमा सो रकम घटाई यस नगरपालिकालाई प्राप्त वित्तिय समानिकरण अनुदान, नगरपालिकाको आन्तरीक श्रोत र नगद लागत सहभागिता समेत गरी कुल बजेट रु. **३३ करोड १० लाख ४९ हजार ५ सय** मध्ये खुद नगरपालिकाको लागि आवश्यक पर्ने चालु खर्च **८ करोड २९ लाख ३७ हजा**र ४ सय अर्थात **२५.०५** प्रतिशत र पुजिगत तर्फ **२४ करोड ८१ लाख १२ हजार १ सय** अर्थात **७४.९५** प्रतिशत बजेट विनियोजित गरेको छु ।

७. पुजिगत बजेटबाट वडा समितिहरुले वडा भेला मार्फत छनौट गरी पठाएका २८४ वटा योजना सम्पन्न गर्न **७ करोड रुपैयां** बजेट विनियोजन गरेको छु । यसै गरी दातृनिकाय र अन्य संघ संस्था संग विकास कार्यमा सहकार्य गर्ने गरी कार्यक्रम संचालन गर्न **१ करोड रुपैयाा** समपुरक कोष विनियोजन गरेको छु ।

८. नेपालको संविधानको अनुसूचि ८ मा उल्लेखित स्थानीय तहका अधिकार क्षेत्र भित्र परेका साविकका केन्द्रिय सरकारका स्थानीय कार्यालयहरु मार्फत हुने विकास निर्माण कार्यका लागि वित्तीय समानिकरण अनुदान मा उल्लेखित रकम नघट्ने गरि एकमुष्ट रुपमा **५ करोड ९६ लाख ७४ हजार** बजेट विनियोजन गरेको छु ।

९.. वडा स्तरबाट वडा समितिले नगरबासीहरुको सहभागितामा छनौट गरी सिफारिस भई आएका र नगर कार्यपालिकाले आवश्यक देखेका अन्य विकास निर्माण कार्यका लागि **९ करोड ३४ लाख ३८ हजार रुपैयां** बजेट विनियोजन गरेकोछु ।

१० लक्षित बर्ग सहयोग तथा ससक्तिकरण कार्यक्रम अन्तर्गत महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, जनजाति- आदिवासी, अल्पसंख्यक, सिमान्तकृत तथा विभिन्न धर्म सम्प्रदाय र साहित्य,कला संस्कृतिको प्रवर्धन कार्यक्रम अन्तर्गत रु.६४ लाख रुपैयां रकम विनियोजन गरेको छु ।

११. एक वडा एक खेल मैदान कार्यक्रमका लागि वडा बाट सिफारिश भै आएका आयोजनाका अतिरिक्त खेलकुद प्रतियोगिता तथा अन्य खेलकुद पुर्वाधार विकासका लागि ४८ लाख रुपैयां विनियोजन गरेको छु।

१२.नगरक्षेत्रको विस्तृत तथ्यांक प्रत्यक्ष सर्वेक्षण तथा अनुसन्धान पद्धतिबाट संकलन गरि बिस्तृत प्रोफाइल निर्माण, श्रब्यदृश्य सामाग्री तथा छपाई कार्य र ५ वर्षे रणनीतिक योजना तर्जुमा कार्यका लागि ३२ लाख रुपैयां बिनियोजन गरेको छु।

१३.नगरपालिकाको आन्तरिक आय बृद्धि तथा आय आर्जन हुने परियोजनाहरुमा नगरबासीहरु संगको सहकार्यमा लगानी प्रवर्धन गर्न नगर लगानी कोष स्थापना गरि छुट्टै ऐन निर्माण गरि कार्यक्रम सञ्चालन गर्न एकमुष्ठ ९६ लाख रुपैयांको लगानी कोष रकम विनियोजन गरेको छु।

१४. नगरको विकास कार्यमा निजी क्षेत्र, उपभोक्ता समिति र विभिन्न गैह्रसरकारी निकायहरुले साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने गरि रु. ९६ लाख रुपैयां विनियोजन गरेको छु।

१५. नगरपालिकाको आन्तरिक सूचना प्रणाली ब्यवस्थापन, श्रब्यदृष्य कार्यक्रम निर्माण, अनलाईन व्यवस्थापन तथा सञ्चार सस्था सवलिकरणका लागि रु. ३२ लाख रुपैयां विनियोजन गरेको छु।

१६. बाह्रय र आन्तरिक पर्यटन प्रवर्धन तथा नमुना आयोजना मार्फत नगरको आकर्षण थप्ने आयोजना सञ्चालनका लागि ९६ लाख रुपैयां विनियोजन गरेको छु।

१७. नेपाल सरकारले हाल अन्तर सरकारी वित्तिय हस्तान्तरण अर्न्तरगत समानिकरण र सशर्त अनुदानमा मात्र रकम हस्तान्तरण गरको छ। समपुरक अनुदान, विशेष अनुदान र प्रदेश सरकारको अनुदान प्राप्त नभएकोले आगामी दिनमा ति अनुदान समेत प्राप्त हुने अपेक्षा गरिएको हुदा विकास निर्माण कार्यमा प्रर्याप्त बजेट परिचालन हुन सक्ने विश्वास लिएको छु ।

१८. साविकमा सम्पूर्ण वडाका कार्यहरु सिमित जनशक्तिको भरमा नगरपालिकाको कार्यालय रहेको केन्द्र धादिङवेसीबाट संचालन भई आएकोमा स्थानीय तहको निर्वाचन पश्चात सम्बन्धीत जनप्रतिनिधीहरुले वडाबाटै कार्य जिम्मेवारी लिई नागरिकलाई सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको छ तर वडा कार्यालयमा बसी सेवा प्रदान गर्न कार्यालयहरुमा प्रर्याप्त भौतिक पूर्वाधार नभएको र वडा कार्यालय भएकोमा पनि प्रर्याप्त पूर्वाधार नभएको हुदा वडा कार्यालय सुढृढीकरणको लागि बजेट विनियोजन गरेको छु। वडा कार्यालयको भौतिक पूर्वाधार विकासलाई श्रोत साधन जुटाई क्रमश सुढृढीकरण गरिने छ।

१९. अगामी वर्षहरुमा नगरवासीको विकास कार्यमा उच्च सहभागिता बढाउदै लैजाने नीति लिएको हुदा आगामी वर्ष **२० लाख** बराबरको नगद सहभागिता हुने अपेक्षा गरी बजेटमा समावेश गरेको छु।

२०.भुकम्प, बाढी पहिरो, आगलागी जस्ता प्राकृतिक विपत्तिमा तत्काल राहत तथा उद्धार कार्य सञ्चालनको लागि .१६ लाख रुपैयांको विपद कोषको ब्यवस्था गरेको छु। नगरपालिकामा विपद क्षेत्रमा काम गर्ने अन्य सरकारी गैह्रसरकारी संस्थाहरु संगको सहकार्यमा उक्त कोषमा रकम बढाउदै नियमानुसार कोषको रकम खर्च गर्न सकिने ब्यवस्था गरेको छु।

२१.सूचना तथा संचार प्रविधिको पूर्वाधार विकास तथा व्यवस्थापनाका लागि सम्बन्धित स्थानीय तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरु संग समेतको सहकार्यमा आवश्यक कार्यक्रम सञ्चालन गर्न ४८ लाख रुपैयां बिनियोजन गरेको छु ।

२२. नीलकण्ठ नगरपालिकाको आर्थिक बर्ष २०७४।७५ बजेट संग सम्बन्धित विवरण अनुसूचिहरुमा पेश गरेको छु ।

सभाध्यक्ष ज्यू !

८. प्रस्तुत वजेट तर्जुमामा सहयोग एवं मार्गदर्शन गर्नुहुने सम्पूर्ण विशिष्ट व्यक्तिहरु, नगर प्रमुख ज्यू, नगर कार्यपालिकाका सदस्य ज्यूहरु, कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारी समूह र अन्य सहयोगी मित्रहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । नगरक्षेत्रमा निहित व्यापक आवश्यकतालाई एक बर्षको सिमित बजेटले सम्बोधन गर्दा धेरै क्षेत्र विषय र आवश्यकताहरु अझै प्राथमिकतामा पार्न बांकि देखिएका छन् । साधन श्रोतको खोजि र बृद्धि गरि आगामी बर्षको बजेटमा अझै व्यवस्थित योजना र प्राथमिकता छनौट प्रणाली अवलम्बन गरि बढि भन्दा बढि आवश्यकताहरुको सम्बोधन गर्ने प्रयास जारी रहनेछ । यो बजेट कार्यान्वयनमा सम्बन्धित सरोकारवाला सबैको अमूल्य सहयोग रहनेछ भन्ने विश्वास गरेको छु ।  धन्यवाद ।